**खण्ड ६ संख्या १३ मिति २०८०/०९/२६**

**भाग २**

**स्थानीय सरकार**

### वालविकास केन्द्रको व्यवस्थापन सम्बन्धी कार्यविधी २०७७ लाई संसोधन गर्न बनेको कार्यविधी

**प्रस्तावनाः** परशुराम नगरपालिकाको वालविकास केन्द्रको व्यवस्थापन सम्बन्धी कार्यविधी २०७७ लाई संसोधन गर्न वाञ्छनीय भएकाले,

परशुराम नगरपालिका नगरकार्यपालिकाको मिति २०८०।९।२१ गते बसेको वैठकले यो कार्यविधी बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम वालविकास केन्द्रको व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधी २०७७ रहेको छ ।

२. यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**दफा ६ : (पहिलो संसोधनमा थप गरिएको)**

३. वालविकास शिक्षकको न्यूनतम शैक्षिक योग्यता कक्षा १२ वा सो सरह उत्तीर्ण भएको हुनेछ । वालविकास शिक्षकको परीक्षाको पाठ्यक्रम नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

४. वालविकास शिक्षकको उमेर साठी वर्ष पुरा भएपछि निजलाई विद्यालय सेवाबाट अनिवार्य अवकास दिइनेछ ।

**दफा ८ः (पहिलो संसोधनमा थप गरिएको)**

८(१) नगरपालिकामा पुलमा रहेका बालविकास कोटालाई नगरपालिका अन्तर्गतका शिक्षक विद्यार्थी अनुपातमा शिक्षक संख्या अभाव रहेका विद्यालयहरुमा आवश्यकतानुसार बालविकास कोटा कायम

गरी प्राथमिक शिक्षक सरह न्युनतम योग्यता र काम कर्तव्य रहने गरी प्रचलित नियमानुसार शिक्षक नियुक्त गरिनेछ ।

८(२) यसरी नियुक्त बालविकास शिक्षकले नेपाल सरकारले तोकेको नियमानुसार सेवा सुविधा प्राप्त गर्नेछ र सम्बन्धित विद्‌यालयले आवश्यकतानुसार शिक्षकको सेवा सुविधा थप गर्न सक्नेछ ।

प्रमाणीकरण मिति: २०८०/०९/२५

आज्ञाले
कृष्णदेव जोशी
प्रमुख प्रशासकीय अधिकृत